चैनपुर नगरपालिका

# नगर कार्यपालिकको कार्यालय

## चैनपुर,संखुवासभा

## १ नं. प्रदेश

### नदिजन्य पदार्थको संकलन तथा बिक्रि शुल्क संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०५/०७

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट स्थानीय तह संकलन तथा बिक्रि गर्न नगर कार्यपालिकाबाट पारित दररेटमा तपशिल बमोजिमको खोला, नदी, नालाहरुबाट तपशिल बमोजिमको दररेटमा संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नको लागि इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

| क्र.स | ठेक्का नं: | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फि ) | न्यूनतम ठेक्का नं रु.( मू.अ.कर .सहित) | बोलपत्र दस्तुर (रु ) |
|---|---|---|---|---|---|
| १ | CM/NCB/RAJSWA/01/078/079 | आन्तरिक आय तर्फको सभाखोला पिलुवा खोला र हेवा खोलाको, अरुण खोला, नदिजन्य पदार्थ (ढुंगा ,गिट्टी,बालुवा तथा मिस्केट ) को संकलन तथा बिक्रि वितरण | १०,६२,०१६ । | ३५,००,०००। | ३०००। |

**ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरु**

१. बोलपत्र फारम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्र, नविकरण भएको दर्ता प्रमाणपत्रको,मूल्य अभिवृद्धि कर तथा आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाणित प्रतिलिपि ,बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदी तिरेको वा राष्ट्रिय बाणिज्य बैंक ,शाखा कार्यालय चैनपुरमा रहेको यस कार्यालयको अन्तरिक राजस्व खाता नं : २०३०१००३०१०१०००२ मा नगद जम्मा गरेको सकल भौचर साथ निबेदन पेश गरि यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्नु पर्ने छ । साथै बोलपत्रदाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालय वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नु पर्ने छ ।बोलपत्राव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । माथि उल्लेखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक ,शाखा कार्यालय चैनपुरमा रहेको धरौटी खाता नं २०३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कमर्सियल बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरि कम्तिमा १२० दिनको म्याद भएको कबोल अंकको ३ प्रतिशतले हुन आउने रकम सहित जारी गरिएको बैंक जमानत (विडवन्ड) पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरु भरि बोलत्रदताले सबै पानामा सहिछाप गरि प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र कार्यलयामा बुझाई सक्नु पर्नेछ ।

४. एक फर्म वा कम्पनिको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीत पूर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन को २:०० बजे देखि बिभिन्न कार्यालयका प्रतिनिधि ,निर्माण व्यवसायी वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधिहरु समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदा लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । म्याद नाघी ,रीत नपुगी वा सर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने संम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ३० दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रशितले हुन आउने रकम यस कार्यालयको खाता आन्तरिक खाता नं : २०३०१००३०१०१०००२ मा अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७९ साल असाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड ) समेत पेश गर्नु पर्नेछ ।साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक,सेवा सुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट समेत यस कार्यालयमा बुझाउनु पर्नेछ साथै कबोल अंकको १३% भ्याटसमेत सम्झौता भएको बखतमा एकमुस्ट बुझाएमा १०% छुटको व्यवस्था गरिनेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदताले छुट्टै बुझाउनु पर्नेछ । प्रथम किस्ता बुझाई दोश्रो किस्ता जेष्ठ १५ भित्र भुझौने गरि सम्झौता भएमा सो बराबरको रकम बैंक जमानत बापत बुझाउनु पर्ने छ ।

७. तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी दोस्रो संग नियमानुसार सम्झौता गरिने छ । यस नगरपालिकाका नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन एन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी कानुन ,प्रदेश कानुन तथा प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणी अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय